# भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको ऐन नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**नेपाल नर्सिङ्ग परिषद ऐन, २०५२ लाई संशोधन गर्न बनेको** ऐन

**प्रस्तावना : नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल नर्सिङ्ग परिषद् (पहिलो संशोधन) ऐन, २०५८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल नर्सिङ्ग परिषद ऐन, २०५२ को दफा २ मा संशोधन : नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएकोछ :–

"(ख१) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।"

(२) खण्ड (ग) मा रहेको "अध्यक्ष" भन्ने शब्दपछि "तथा उपाध्यक्ष" भन्ने शब्दहरु थपिएका छन् ।

(३) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएकोछ :–

"(घ१) "मिडवाइफ" भन्नाले यो ऐन बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट मिडवाइफरी विषयमा डिग्री, डिप्लोमा वा प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।"

(४) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएकोछ :–

"(ङ१) "नर्सिङ्ग व्यवसायी" भन्नाले नर्स, मिडवाइफ तथा अ.न.मी. सम्झनु पर्छ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
5603

(५) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएकोछ :-

"(च) "दर्तावाला नर्सिङ् व्यवसायी" भन्नाले दर्ता किताबमा नाम दर्ता भएका नर्स, मिडवाइफ तथा अ.न.मी. सम्झनु पर्छ ।"

(६) खण्ड (छ) मा रहेको "नर्सहरुको" भन्ने शब्दको सट्टा "नर्सिङ् व्यवसायीको" भन्ने शब्दहरु राखिएकाछन् ।

(७) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएकोछ :-

"(ज१) "शिक्षण संस्था" भन्नाले नर्सिङ्, मिडवाइफरी तथा अ.न.मी. सम्बन्धी विषय अध्ययन, अध्यापन गराउने, तालीम दिने वा दिलाउने सरकारी, गैर सरकारी वा निजी शिक्षण संस्था सम्झनु पर्छ ।"

३. <u>मूल ऐनको दफा ५ मा संशोधन</u> : मूल ऐनको दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

(क) नर्सिङ् विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी नर्सिङ् व्यवसायमा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्ये श्री ५ को सरकारबाट मनोनीत व्यक्ति - अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ख) | नर्सिङ् विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी नर्सिङ् व्यवसायमा कम्तीमा बाह्र बर्ष अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्ये श्री ५ को सरकारबाट मनोनीत व्यक्ति | – उपाध्यक्ष |
| (ग) | नर्सिङ् क्याम्पसका क्याम्पस प्रमुखहरुमध्ये श्री ५ को सरकारबाट मनोनीत दुईजना | – सदस्य |
| (घ) | अध्यक्ष, नेपाल नर्सिङ् संघ | – सदस्य |
| (ङ) | स्वास्थ्य सेवा विभागका महानिर्देशकले तोकेको अधिकृत स्तरको नर्स | – सदस्य |
| (च) | त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानको डीनले तोकेको अधिकृत स्तरको नर्स | – सदस्य |
| (छ) | नेपाल नर्सिङ् संघका साधारण सदस्यहरुमध्येबाट निर्वाचित तीनजना | – सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) नर्सिङ् व्यवसायमा ख्यातिप्राप्त नर्सहरुमध्येबाट श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(झ) नर्सिङ् क्षेत्रमा दश वर्ष सेवा गरिसकेका दर्तावाला नर्सिङ् व्यवसायी भई क्षेत्रीय स्वास्थ्य निर्देशनालय, क्षेत्रीय अस्पताल वा अञ्चल अस्पतालमा कार्यरत नर्सिङ् प्रमुखहरुमध्येबाट परिषद्को सिफारिसमा श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(ञ) मेट्रोनहरुमध्ये श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(ट) राष्ट्रिय जीवनमा ख्यातिप्राप्त उपभोक्ताका तर्फबाट श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(ठ) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य ।"

४. <u>मूल ऐनको दफा ६ मा संशोधन</u> : मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**"तर, श्री ५ को सरकारबाट मनोनीत सदस्यहरुलाई श्री ५ को सरकारले पदावधि समाप्त हुनुभन्दा अगाडि हटाउन सक्नेछ ।"**

**(२) उपदफा (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-**

**"तर, -**

**(१) पद रिक्त भएको मितिले साधारणतया तीन महिनाभित्र निर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ ।**

**(२) छ महिनाभन्दा कम अवधिका लागि निर्वाचन वा मनोनयन गरिनेछैन ।"**

**५. मल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को खण्ड (ख) को शुरुमा "नाम दर्ता नगराएको वा" भन्ने शब्दहरु थपी सोही खण्डको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-**

**"तर, दफा ५ को उपदफा (१) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्यको हकमा यो खण्ड लागू हुनेछैन ।"**

**६. मल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को खण्ड (घ) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-**

**"तर, परिषद्ले कुनै सदस्यलाई बढीमा छ महिनासम्म मात्र परिषद्को बैठकमा अनुपस्थित रहन सक्ने गरी अनुमति दिन सक्नेछ ।"**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **मूल ऐनको दफा ९ मा संशोधन** : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएकोछ :-

"९. **परिषद्को काम, कर्तव्य र अधिकार** : (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नर्सिङ् व्यवसायलाई सुचारु रुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने,

(ख) शिक्षण संस्थालाई मान्यता दिने,

(ग) खण्ड (ख) बमोजिम मान्यता दिएका शिक्षण संस्थाको पाठ्यक्रम, भर्नाका शर्त, परीक्षा प्रणाली तथा अन्य आवश्यक शर्त तथा पूर्वाधारको मूल्याङ्कन तथा पुनरावलोकन गर्ने,

(घ) खण्ड (ग) बमोजिम मूल्याङ्कन तथा पुनरावलोकन गर्दा परिषद्ले निर्धारण गरेको मापदण्ड पूरा गरेको नपाइएमा त्यस्ता शिक्षण संस्था सञ्चालन गर्ने स्वीकृति खारेजीको लागि सिफारिस गर्ने,

(ङ) नर्सिङ् व्यवसायीको योग्यता निर्धारण गरी योग्यता पुगेका नर्सिङ् व्यवसायीको दर्ता किताबमा नाम दर्ता गरी दर्ता प्रमाणपत्र दिने,

(च) नर्सिङ् व्यवसायीको कार्यसीमा निर्धारण गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) नर्सिङ् व्यवसायीको व्यावसायिक आचारसंहिता निर्धारण गर्ने र त्यस्तो आचारसंहिता उल्लंघन गर्ने नर्सिङ् व्यवसायीउपर कारबाही गर्ने ।

(२) कुनै शिक्षण संस्था स्थापना र सञ्चालन गर्न स्वीकृति दिनुपूर्व सम्बन्धित निकायले परिषद्संग परामर्श माग गर्नेछ । त्यस्तो शिक्षण संस्थाले आवश्यक मापदण्ड तथा पूर्वाधार पूरा गरे वा नगरेको जाँचबुझ गरी परिषद्ले सो सम्बन्धमा आवश्यक परामर्श दिनेछ । परिषद्को त्यस्तो परामर्शको आधारमा सम्बन्धित निकायले शिक्षण संस्था स्थापना र सञ्चालन गर्ने स्वीकृति दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ । शिक्षण संस्था स्थापना र सञ्चालनको स्वीकृति दिइएको अवस्थामा सो कुराको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।"

८. <u>मूल ऐनको दफा १० मा संशोधन</u> : मूल ऐनको दफा १० को उपदफा (३) मा रहेका "निजको अनुपस्थितिमा" भन्ने शब्दहरुपछि "उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा" भन्ने शब्दहरु थपिएकाछन् ।

९. <u>मूल ऐनको दफा ११ मा संशोधन</u> : मूल ऐनको दफा ११ मा रहेको "अध्यक्ष" भन्ने शब्दपछि "उपाध्यक्ष" भन्ने शब्द थपी सोही दफामा रहेका "गठन भएका" भन्ने शब्दहरुपछि "समितिलाई वा" भन्ने शब्दहरु थपिएकाछन् ।

१०. <u>मूल ऐनमा दफा १२क. र १२ख. थप</u> : मूल ऐनको दफा १२ पछि देहायका दफा १२क. र १२ख. थपिएकाछन् :-

"१२क. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u> : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) परिषद्को बैठकमा छलफल गरिने विषयको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को काम, कारबाही व्यवस्थित, प्रभावकारी र सुचारु रुपले सञ्चालन गर्ने वा गराउने,

(घ) परिषद्ले निर्देशन दिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

१२ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको अनुपस्थितिमा यस ऐन बमोजिम अध्यक्षले गर्नु पर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गर्नु उपाध्यक्षको कर्तव्य हुनेछ ।"

११. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :–

"(१) परिषद्को दैनिक प्रशासकीय काम, कारबाही गर्न श्री ५ को सरकारले नर्सिङ् विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी कम्तीमा पाँच वर्ष नर्सिङ् व्यवसायमा संलग्न रहेको कुनै व्यक्तिलाई रजिष्ट्रारमा नियुक्ति गर्न वा तोक्न सक्नेछ ।"

१२. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को,–

(१) उपदफा (१) र (२) को ठाउँ ठाउँमा रहेका "नर्स तथा अ.न.मी." भन्ने शब्दहरुको सट्टा "नर्सिङ् व्यवसायी" भन्ने शब्दहरु राखिएकाछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (३) मा रहेका "नर्स तथा अ.न.मी.ले" भन्ने शब्दहरुको सट्टा "नर्सिङ् व्यवसायीले" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "सिफारिसपत्र" भन्ने शब्द झिकिएकोछ ।

१३. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएकाछन् :-

"(५) उपदफा (४) बमोजिम दिइएको दर्ता प्रमाणपत्र नाम दर्ता भएको मितिले छ वर्षको लागि मान्य हुनेछ ।

(६) परिषद्मा गैर नेपाली नागरिकलाई नर्सिङ् व्यवसायीको रुपमा नाम दर्ता गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

१४. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को,–

(१) उपदफा (१), (२) र (३) को विभिन्न ठाउँमा रहेका "नर्स वा अ.न.मी.को" भन्ने शब्दहरुको सट्टा "नर्सिङ् व्यवसायीको" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (१) को खण्ड (घ) मा रहेको "आचरण" भन्ने शब्दको सट्टा "व्यावसायिक आचारसंहिता" भन्ने शब्दहरु राखिएकाछन् ।

१५. मूल ऐनमा दफा १८क. थप : मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएकोछ :-

"१८क. नाम दर्ता नवीकरण : (१) दर्तावाला नर्सिङ् व्यवसायीको नाम दर्ता नवीकरणका लागि म्याद समाप्त भएको मितिले पैंतीस दिनभित्र तोकिए



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 369

बमोजिमको दस्तुर सहित परिषद् समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र नवीकरण नगराएमा नवीकरण गराउन नसकेको कारण खुलाई म्याद समाप्त भएको मितिले साठी दिनभित्र तोकिएको दस्तुर तिरी परिषद् समक्ष तोकिए बमोजिम दरखास्त दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको म्यादभित्र नवीकरण नगराउने नर्सिङ् व्यवसायीको नाम दर्ता किताबबाट हटाइनेछ ।"

१६. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएकोछ :-

"२०. नर्सिङ् व्यवसाय गर्न नपाउने : दर्तावाला नर्सिङ् व्यवसायी बाहेक अरु कसैले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले नर्सिङ् व्यवसाय गर्न पाउनेछैन ।"

१७. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएकोछ :-

"२१. मान्यता दिने : (१) परिषद्ले नर्सिङ् विषयमा अध्ययन, अध्यापन गराउने तथा तालीम दिने वा दिलाउने शिक्षण संस्था र नर्सिङ् विषय सम्बन्धी डिग्री, डिप्लोमा प्रमाणपत्र वा अन्य उपाधिलाई मान्यता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएका शिक्षण संस्था र डिग्री, डिप्लोमा, प्रमाणपत्र वा उपाधि नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) नर्सिङ्ग विषय सम्बन्धी विदेशी शिक्षण संस्थाबाट डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि प्राप्त गर्ने व्यक्तिले त्यस्तो उपाधिको मान्यताको लागि तोकिए बमोजिम परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तउपर परिषद्ले आवश्यक जाँचबुझ गरी निर्णय गर्नेछ ।"

१८. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएकोछ :-

"२२. विवरण पेश गर्नु पर्ने : (१) दफा २१ को उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएको शिक्षण संस्थाले सम्बन्धित शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको निमित्त निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्त, परीक्षा प्रणाली तथा अन्य आवश्यक पूर्वाधार र मापदण्ड सम्बन्धी विवरण उल्लेख भएको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण पेश नगर्ने शिक्षण संस्थालाई आवश्यक कारबाही गर्नको लागि परिषद्ले श्री ५ को सरकार समक्ष सिफारिस गर्नेछ ।"

१९. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ मा रहेका "शैक्षिक संस्था" भन्ने शब्दहरुको सट्टा "शिक्षण संस्था" भन्ने शब्दहरु राखिएकाछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएकोछ :–

"२४. मान्यता हटाउने : (१) दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्त तथा अन्य आवश्यक पूर्वाधार र मापदण्ड सम्बन्धी कुराको मूल्याङ्कन र पुनरावलोकन गर्दा उपयुक्त नभएको ठहरिएमा परिषद्ले त्यस्तो शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेजीका लागि सिफारिस सहितको प्रतिवेदन श्री ५ को सरकार र सम्बन्धित शिक्षण संस्थाले सम्बन्धन प्राप्त गरेको विश्वविद्यालय वा संस्था समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्बाट पेश हुन आएको सिफारिस सहितको प्रतिवेदनउपर सम्बन्धित सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय वा संस्थाले आवश्यक जाँचबुझ गरी आफ्नो राय श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद्ले पेश गरेको प्रतिवेदन र उपदफा (२) बमोजिम सम्बन्धित विश्वविद्यालय वा संस्थाले पेश गरेको राय बमोजिम श्री ५ को सरकारले परिषद्संग परामर्श लिई त्यस्तो शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेज गर्न सक्नेछ । यसरी शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेज गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शिक्षण संस्थाले सञ्चालन गरेको कुनै परीक्षामा अनियमितता भएको पाइएमा त्यस्तो परीक्षाको आधारमा प्रदान गरिएको नर्सिङ् विषय सम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि रद्द गर्नको लागि परिषद्ले श्री ५ को सरकार समक्ष सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस प्राप्त हुन आएमा श्री ५ को सरकारले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो शिक्षण संस्थाले कुनै खास मितिपछि प्रदान गरेको नर्सिङ् विषय सम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि रद्द गर्न सक्नेछ । यसरी रद्द गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।"

२१. <u>मूल ऐनमा दफा २४क. थप</u> : मूल ऐनको दफा २४ पछि देहायको दफा २४क थपिएकोछ :-

"२४क <u>परीक्षा सञ्चालन गर्न सकिने</u> : (१) नर्सिङ् विषयमा आवश्यक गुणस्तर कायम राख्नको लागि आवश्यक भएमा परिषद्ले तोकिए बमोजिम परीक्षा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा सफल हुन नसक्ने नर्सिङ् व्यवसायीहरुको नाम परिषद्को दर्ता किताबमा दर्ता तथा नवीकरण गरिनेछैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. <u>मूल ऐनको दफा २८ मा संशोधन</u> : मूल ऐनको दफा २८ को,-

(१) उपदफा (१) मा रहेका "श्री ५ को सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "सो कुरा सुधार्न वा सच्याउन श्री ५ को सरकारले परिषद्लाई आवश्यक निर्देशन दिनेछ" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (२), (३) र (४) को सट्टा देहायका उपदफा (२), (३) र (४) राखिएकाछन् :-

"(२) उपदफा (१) अन्तर्गत दिइएको निर्देशन बमोजिम परिषद्ले आफ्नो काम कारबाही सुधार्न वा सच्याउन नसकेमा श्री ५ को सरकारले परिषद् विघटन गरी यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्ने सम्पूर्ण कार्य गर्न अन्तरिम कार्यकारी परिषद् गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद् विघटन भएपछि सो परिषद्को कोष र अरु सम्पत्ति उपदफा (२) बमोजिम गठित अन्तरिम कार्यकारी परिषद्ले आफ्नै जिम्मामा राखी नयाँ परिषद् गठन भएपछि सो कोष र सम्पत्ति नवगठित परिषद्लाई बुझाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम परिषद् विघटन भएको मितिले साधारणतया तीन महिनाभित्र दफा ५ बमोजिम नयाँ परिषद् गठन गर्नु पर्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. <u>मूल ऐनमा दफा २९क. थप</u> : मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएकोछ :-

"२९क. <u>पुनरावेदन</u> : यस ऐन बमोजिम परिषद्को निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।"

आज्ञाले,

**उदय नेपाली श्रेष्ठ**

श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति २०५८।१०।४।५



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।